“फ्ल्यागसिप ४ ले ५ वर्षभित्र १,००० गाविस/नगरपालिकाहरूमा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणसम्बन्धी गतिविधिहरू पूरा गर्नेछ।”

# फ्ल्यागसिप ४

## समुदायमा आधारित एकीकृत विपद् जोखिम न्यूनीकरण

# फ्ल्यागसिप ४ को लक्ष्य

फ्ल्यागसिप
४

फ्ल्यागसिप ४ भनेको नेपालमा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणको समन्वय र पैरवी गर्ने संयन्त्र हो। यसको लक्ष्य समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी गतिविधिहरूमा योगदान पुऱ्याउने धेरै सङ्गठनहरूका बीचमा साझा समझदारी तथा अवधारणाको विकास गर्नु, राष्ट्रिय लक्ष्यका तुलनामा भएको प्रगति पत्ता लगाउनु र मुलुकभर समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणको स्तरोन्नति गर्नका लागि बढी लगानीलाई प्रोत्साहित गर्नु हो।

## पृष्ठभूमि


नेपालमा समुदायहरूले नै धेरैजसो प्राकृतिक विपद्हरूको मार सहन्छन्। यी प्राकृतिक विपद्हरूबाट धन-जनको क्षति हुने मात्र होइन, अपितु यिनले विकासका उपलब्धिहरूलाई समेत पछि पार्दछन्। तिनै यी समुदायहरू नै विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यमा भने अग्रपङ्क्तिमा हुन्छन्।

समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण भनेको त्यस्तो व्यावहारिक अवधारणा हो जुन अवधारणाबाट विपद्प्रतिको समुदायको आफ्नै उत्थानशीलता अभिवृद्धि गर्ने तिनका प्रयासहरूमा सहयोग पुग्दछ र विपद्का प्रभावहरूको सामना अझ बढी राम्ररी गर्न तिनलाई अवसर प्रदान गर्दछ। समुदायको सङ्कटासन्नता कम गर्नु पनि नेपालभर जीवन तथा जीविकोपार्जनलाई खतरामा पार्ने जोखिमहरूलाई न्यून पार्ने र लागतका तुलनामा बढी प्रतिफल प्राप्त हुने भनी प्रमाणित भएको उपाय हो। उदाहरणका लागि, जब विपद् पर्दछ, तब समुदाय आफैं तथा छिमेकी समुदायहरूले सर्वप्रथम प्रतिकार्य गर्दछन्। त्यसैले ती समुदायहरूलाई प्रशिक्षण दिने र कार्यदलहरू गठन गर्ने कार्यले हल्का उद्धार तथा खोजी गर्न तथा प्राथमिक उपचार सेवा उपलब्ध गराउन र जीवन रक्षा गर्नका लागि राहतका उपायहरू सुरु गर्न समुदायहरूलाई सक्षम पार्दछ।

**फ्ल्यागसिप ४ को उद्देश्य**

**फ्ल्यागसिप ४ ले गाविस/ नगरपालिकाहरूमा ५ वर्षभित्र समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी १,००० परियोजनाहरू पूरा गर्नु।**





*Flagship 4 has an agreed set of minimum characteristics of a disaster resilient community in Nepal. This approach ensures that communities receive consistent CBDRR support and encourages greater investment for scaling up CBDRR.*

प्राकृतिक विपद्हरूप्रतिको समुदायको उत्थानशीलता अभिवृद्धि गर्नका निमित्त समुदायहरूलाई सशक्तीकरण गर्ने कार्यका लागि हरेक क्षेत्रका खास विपद्हरू अनुरुप निरन्तर प्रयासहरू गर्नु आवश्यक हुन्छ र ती प्रयासहरूलाई मुलुकभर सम्भव भएसम्म बढीभन्दा बढी समुदायहरू सम्म पुग्नका लागि बढाउनै पर्दछ। नेपालभर ३,९०० गाउँ विकास समिति (गाविस) र ५८ नगरपालिका छन् र यी सबैले प्राकृतिक विपद्का धेरै जोखिमहरूको सामना गरिरहेका छन्। त्यस्ता जोखिमहरू जलवायु परिवर्तन, जमिनको गलत उपयोग, जनसङ्ख्याको तीव्र वृद्धि र सहरीकरणको कारणबाट बढिरहेका छन्। सबै गाविस/नगरपालिकाहरू आफ्नै किसिमका छन् र ती आकार, घनत्व (ग्रामीण तथा सहरी वातावरण) तथा हिमाली, पहाडी एवं समथर तराईका क्षेत्रहरूमा फैलिएको भू-परिदृश्यका दृष्टिबाट फरक-फरक छन्। हरेक समुदायको सङ्कटासन्नता तिनका भौगोलिक विशेषता, स्थलगत रूपरेखा, जनसङ्ख्या, पूर्वाधारको गुणस्तर, सेवामा पहुँच, विद्यमान आर्थिक अवसर तथा सामाजिक एकता तथा सामाजिक पुँजीअनुसार फरक-फरक हुन्छ।

उदाहरणका लागि, ठूलो भूकम्पको जोखिममा रहेको शहरी समुदायका तुलनामा आकस्मिक रूपमा आउने बाढीको जोखिमका निमित्त ग्रामीण समुदायका लागि फरक अवधारणा आवश्यक हुन्छ।

हरेक गाविस/ नगरपालिकाभित्र र स-साना समुदाय भित्र समेत धेरै थरी भाषा, जातीयता र धार्मिक समुदायहरू रहेको कारणले गर्दा ठूलो विविधता पनि छ। संरचना तथा क्षमतामा रहेको यस्तो विविधताको कारणले गर्दा विपद् जोखिम न्यूनीकरणका लागि तदनुरुपको रणनीति आवश्यक हुन्छ।

ह्योगो कार्यसंरचनाको अनुमोदन गरी नेपाल सरकारले राष्ट्रिय तथा स्थानीय तहका विपद् जोखिम न्यूनीकरणप्रति प्रतिबद्धता व्यक्त गरेको छ। यस

संरचनामा आधारित रही सरकारको विपद् जोखिम व्यवस्थापन सम्बन्धी राष्ट्रिय रणनीतिमा विपद् जोखिम व्यवस्थापनमा समुदायको भूमिकालाई मान्यता प्रदान गरिएको छ र स्थानीय तहको कार्यान्वयन सम्बन्धी क्षमतालाई प्राथमिकता प्रदान गरिएको छ।

प्रकोपप्रति बढी उत्थानशील हुने कार्यमा समुदायहरूलाई सहयोग उपलब्ध गराउनका निमित्त नेपाल सरकारले समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण व्यवस्थापनलाई प्रवर्धन गरिरहेको छ। यसलाई स्थानीय स्वायत्त शासन ऐन (सन् १९९९) मा मान्यता प्रदान गरिएको छ र सो ऐनमा स्थानीय तहमा जोखिम न्यूनीकरणका उपायहरूको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने कुरामाथि जोड दिइएको छ। सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनका बारेमा योजना तर्जुमा सम्बन्धी निर्देशिका स्वीकृत गरिएको छ र यस निर्देशिकामा समुदायका सदस्यहरूसँगको परामर्शमा गाविस तहमा विपद् व्यवस्थापन सम्बन्धी योजना तर्जुमा गर्ने प्रक्रियाका बारेमा व्याख्या गरिएको छ। यति हुँदा-हुँदै पनि यी प्रयासहरूमा सीमित संस्थागत संरचना, विपद् जोखिम न्यूनीकरणका विषयमा प्रशिक्षणप्राप्त जनशक्तिको अभाव तथा बजेटको अपर्याप्त विनियोजन लगायत थुप्रै चुनौतीहरूको सामना गर्नुपरिरहेको छ।

सरकारी संयन्त्रका अतिरिक्त नेपाल रेडक्रस सोसाइटी (नेरेसो) जस्ता सक्षम तथा सशक्त एवं समुदायमा आधारित धेरै सङ्गठनहरू, गैर-सरकारी सङ्गठनहरू र अन्य निकायहरूले उल्लेखनीय योगदान गरिरहेका छन्। यी सङ्गठनहरूले आफ्नो सङ्कटासन्नताका बारेमा थाहा पाउन जोखिममा रहेका समुदायहरूलाई मदत गरिरहेका छन्। ती संस्था तथा निकायहरूले अल्पीकरण (mitigation) तथा अनुकूलन (adaptation) सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न, प्रकोपको विश्लेषण तथा पूर्वचेतावनीका बारेमा काम गर्न र सर्वप्रथम प्रतिकार्य गर्ने निकायका रूपमा विपद्का घटनाहरूमा यस्तो प्रतिकार्य गर्नुपर्ने समुदायका अन्तिम आवश्यकताका लागि तिनलाई तयार पार्नका निमित्त तिनीहरूसँग मिलेर काम गर्दछन्। कार्यान्वयन गर्ने सङ्गठनका आधारमा यस्ता धेरै गतिविधिहरूमा विभिन्न अवधारणा तथा विषयगत जोडहरूको प्रयोग गरिन्छ र विभिन्न सरोकारवालाहरूलाई लक्षित गरिन्छ। यसले गर्दा राष्ट्रभरिका विपद्-उत्थानशील समुदायहरू निर्माण गर्ने दिशातिर भएको समष्टिगत प्रगति पत्ता लगाउन र तिनको मूल्याङ्कन गर्न कठिन भएको छ र यसले सहमति निर्माण गर्ने तथा सुचारु रूपमा समन्वय एवं जानकारीको आदान-प्रदान गर्ने संयन्त्रका रूपमा फ्ल्यागसिप ४ को आवश्यकतालाई सुदृढ पार्दछ।


### फ्ल्यागसीप ४ का अपेक्षित नतिजाहरु

फ्ल्यागसीप ४ को रणनीति भनेको साफेदारहरुलाई प्राविधिक ढाँचा तथा सन्दर्भ (reference) उपलब्ध गराउनु र समुदायमा आधारित विपद् जोखिम न्यूनिकरण सम्बन्धी चालू तथा नियोजित परियोजनाहरुका गुणस्तरीय प्रतिफलको सहजीकरण गर्नु हो।

- समुदायमा आधारित जोखिम न्यूनीकरणका परियोजनाका लागि समन्वय र सहकार्य सम्बन्धी संयन्त्रको स्थापना गर्ने
- समुदायमा आधारित जोखिम न्यूनीकरण परियोजनाका साफा औजारहरुको विकासमा सहयोग गर्ने
- गौण तथ्याङ्कहरू (secondary data) को प्रयोग गर्दै प्रकोप जाने सम्भावना भएका जिल्लाहरूको पहिचान गर्ने
- राष्ट्रिय तहमा समुदायमा आधारीत जोखिम न्यूनीकरण परियोजनाका प्रगतिको अनुगमन तथा सुपरिवेक्षण गर्ने
- जिल्ला, नगरपालिका र राष्ट्रिय तहमा समुदायमा आधारीत जोखिम न्यूनीकरणका परियोजनाको पैरवी गर्ने
- समुदायमा आधारीत जोखिम न्यूनीकरणका परियोजनाका बारेमा सूचना आदान प्रदान गर्न नेपालमा सुचना मञ्चको स्थापना गर्ने
- नेपालमा समुदायमा आधारीत जोखिम न्यूनीकरणका परियोजनाको लागि व्यापक लगानी गर्ने



# फ्ल्यागसिप ४ को समन्वय सम्बन्धी संयन्त्र




### फ्ल्यागसिप ४ संयोजक

फ्ल्यागसिप ४ का संयोजकको नियुक्ति रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घद्वारा गरिन्छ र निजले सरोकारवालाहरूसँग समन्वय, वार्षिक कार्ययोजनाको व्यवस्थापन र फ्ल्यागसिप ४ का लागि पैरवीलगायत समन्वय र प्राविधिक सहयोग उपलब्ध गराउँदछन्।

## फ्ल्यागसिप ४ सल्लाहकार समिति

अन्तर्राष्ट्रिय महासङ्घ (IFRC), सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय, संयुक्त राष्ट्रसङ्घ तथा विपद् व्यवस्थापनसँग सम्बन्धित संस्थाहरूका प्रतिनिधिहरू र दाताहरू सम्मिलित भएको सानो समितिले फ्ल्यागसिप ४ का लागि सल्लाहकार समिति र निर्णय गर्ने निकायका रूपमा काम गर्दछ। सल्लाहकार समितिको बैठक नियमित रूपमा हुन्छ र यसको कार्यविवरण (Terms of reference) निर्धारित छ।

## फ्ल्यागसिप ४ परामर्श बैठकहरू

सरकार, दाता तथा कार्यान्वयन गर्ने साझेदारका प्रतिनिधिलगायत समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणमा अभिरुचि राख्ने सम्पूर्ण सरोकारवालाहरूका लागि बैठकहरूको आयोजना गरिन्छ। यी बैठकहरूको आयोजना समय-समयमा विपद्का जोखिमहरूको व्यवस्थापनका लागि साझा अवधारणा तथा औजार हरूको विकास गर्न र तिनको अनुमोदनका लागि पैरवी गर्नुका साथसाथै फ्ल्यागसिप ४ को प्रगतिका बारेमा जानकारी आदान-प्रदान गर्नका लागि गरिन्छ।



# फ्ल्यागसिप ४ को प्राविधिक सहयोग (साझा औजारहरूको विकास)

फ्ल्यागसिप ४ को रणनीति भनेको साझेदारहरूलाई प्राविधिक ढाँचा तथा सन्दर्भ (references) उपलब्ध गराउनु र विपद् व्यवस्थापनसम्बन्धी योजनाहरूको तर्जुमामा समुदायको सहभागिता सुनिश्चित गर्नका निम्ति विधि तथा सिकिएका पाठजस्ता समुदायमा आधारित हाल चालू र योजना गरिएका विपद् जोखिम न्यूनीकरण सम्बन्धी परियोजनाहरूका लागि गुणस्तरीय प्रतिफलको सहजीकरण गर्नु हो। यस कार्य योजनाको अङ्गको रूपमा, फ्ल्यागसिप ४ ले विपद् उत्थानशील समुदायका न्यूनतम विशेषता तथा प्रशिक्षणका प्याकेजलगायत नेपालका समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी परियोजनाहरूका लागि केही साझा औजारहरूको विकास गरेको छ।



*Integrated CBDRR requires a number of initiatives to ensure communities are prepared for disasters. An example may include flood platforms designed to provide a safer space for vulnerable groups when floods do occur.*

## विपद् उत्थानशील समुदायका न्यूनतम विशेषताहरू

फ्ल्यागसिप ४ ले नेपालका विपद् उत्थानशील समुदायहरूका ९ वटा न्यूनतम विशेषताहरूको तर्जुमा गरेको छ र यी विशेषताहरू समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी परियोजनाहरूमा न्यूनतम अङ्कको रूपमा समावेश गर्नुपर्दछ। मन्जुर गरिएका यी सूचकहरूको तर्जुमा नेपाल सरकार, अन्तर्राष्ट्रिय गैर-सरकारी सङ्गठन, संयुक्त राष्ट्रसङ्घ, दाता तथा रेडक्रस तथा रेडक्रिसेन्ट अभियानसँगको परामर्शमा गरिएका हुन्।

विपद् उत्थानशील समुदायका यी ९ वटा न्यूनतम विशेषताहरूको प्रयोग गर्दै फ्ल्यागसिप ४ को लक्ष्य भनेको समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका लागि निरन्तर सहयोग समुदायहरूले प्राप्त गर्दछन् भन्ने कुरा सुनिश्चित गर्नु हो। न्यूनतम विशेषताहरूबाट त्यस्ता साधनहरू पनि उपलब्ध हुन्छन् जसको माध्यमबाट फ्ल्यागसिप ४ द्वारा मुलुकभरका गाविस/ नगरपालिका तहमा विपद् उत्थानशीलताको अभिवृद्धिका दिशातर्फ भएको प्रगति प्रभावकारी रूपमा पत्ता लगाउन सकियोस्।

फ्ल्यागसिप ४ ले समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी हाल चालू र योजना गरिएका परियोजनाहरूमा यी न्यूनतम विशेषताहरूलाई समावेश गर्नका निमित्त कार्यान्वयन गर्ने साझेदार, दाता र सरकार समक्ष पैरवी गर्दछ। यी हरेक विशेषताका कार्यान्वयन तथा चुनौतीहरूका बारेमा गरिएका घटना अध्ययनहरू लगायत हरेक विशेषताका बारेमा थप जानकारीका निमित्त, www.nrrc.org.np मा अनलाइन उपलब्ध न्यूनतम विशेषताहरू सम्बन्धी निर्देशिका हेर्नुहोस्।

## प्रशिक्षण सम्बन्धी प्याकेजको विकास

न्यूनतम विशेषताहरूको तर्जुमा र पैरवीको अङ्कको रूपमा साझेदारहरूका लागि प्रशिक्षण सम्बन्धी त्यस्तो प्याकेजको विकास गरिएको छ जुन प्याकेजलाई साझेदार सङ्गठनहरूद्वारा परियोजनाका कर्मचारीहरूका लागि आयोजना गरिने प्रशिक्षणहरूमा एकीकृत गर्न सकिन्छ र समुदायका सदस्य तथा सरकारका अधिकारीहरूसँग गरिने योजना तर्जुमा सम्बन्धी छलफलहरूमा समावेश गर्न सकिन्छ। यस प्याकेजमा नेपाल जोखिम न्यूनीकरण मञ्चका बारेमा जानकारी, न्यूनतम विशेषता र समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी परियोजनाहरूको नक्साङ्कन समावेश गरिएका छन्। यसका अतिरिक्त, प्रशिक्षणका सत्रहरूमा वितरण गर्नका निमित्त साझेदार सङ्गठनहरूका लागि न्यूनतम विशेषता सम्बन्धी एक पृष्ठको विवरण र नोटबुक जस्ता सामग्रीहरू उपलब्ध छन्।

## सङ्कटासन्नता तथा क्षमतासबन्धी लेखाजोखाका बारेमा साझा अवधारणा

फ्ल्यागसिप ४ ले नेपालका लागि मात्र विशिष्ट र समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी सामग्रीहरूको ज्ञान दिने वास्तविक अर्थमा पुस्तकालयको सङ्कलन गरिरहेको छ। यसको अङ्कको रूपमा, सङ्कटासन्नता तथा क्षमता सबन्धी लेखाजोखाका हालका प्रारूपहरूको सङ्कलन गरिनेछ र सम्पूर्ण लेखाजोखाहरूमा समावेश गर्नका लागि सिफारिस गरिएका साझा विशेषता तथा न्यूनतम आधारहरूको पहिचान गर्नका निम्ति ती प्रारुपहरूको विश्लेषण गरिनेछ।



# न्यूनतम आधारहरू

## नेपालका विपद् उत्थानशील समुदाय

प्राथमिकता ४ - समुदायमा आधारित एकीकृत विपद् जोखिम न्यूनीकरण

### गाउँ विकास समिति/वडा र समुदायस्तरमा संस्थागत आधार

विपद् जोखिम न्यूनीकरणको कार्यान्वयन र दिगोपनाका लागि गाउँ विकास समिति/वडा र समुदाय तहमा कार्यमूलक संस्थागत आधार तयार गर्ने। यसले संरक्षण, सामाजिक समावेशीकरण (लैङ्गिक समानतासमेत), समुदायको स्वामित्व र सहभागिताका मुद्दाहरूलाई सम्बोधन गर्दछ र विपद् जोखिम न्यूनीकरणका अभियानलाई अवलम्बन गर्दछ। १

### विपद् जोखिम न्यूनीकरणको सुचनामा पहुँच

विपद् जोखिम न्यूनीकरणको सूचनामा पहुँच दिलाउन स्थानीय, जिल्ला तथा राष्ट्रियस्तरका सरकारी निकायहरू, नागरिक समाज संस्थाहरू, निजी क्षेत्र तथा जोखिममा परेका समूहहरू एवं विद्यालय र अस्पतालहरू जस्ता प्रमुख निकायहरूमा संयोजना गर्ने तथा ती संयन्त्रहरूसँग सहकार्य गरेर सूचनामा पहुँच पुऱ्याउने। २

### बहु-प्रकोप जोखिम तथा क्षमता विश्लेषण

गाविस र समुदाय तहमा निरन्तर, व्यवस्थित, सहभागितामूलक र बहु-प्रकोप जोखिम तथा क्षमता विश्लेषण। यसले गाविस तथा समुदायस्थरमा विपद् जोखिम न्यूनीकरणको अनुगमन तथा मूल्याङ्कनलाई सहज बनाउँछ। साथै, यसले जिल्ला तथा राष्ट्रिय तहको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई आपसमा जोड्छ। ३

### समुदायको पूर्वतयारी/ प्रतिकार्य टोलीहरू

प्रकोपको पूर्वसूचना र सुरक्षित ठाउँमा सर्ने जानकारी दिन, सामान्य रूपमा प्रतिकार्य (खोजी तथा उद्धार) गर्न एवं आधारभूत प्राथमिक उपचार प्रदान गर्नसक्ने तालिम प्राप्त तथा स्रोत साधन सम्पन्न समुदायका टोलीहरू तयार गर्ने। ४

### गाविस/नागरपालिका स्तरमा विपद् जोखिम न्यूनीकरण/व्यवस्थापन योजना

प्राथमिकता - ४ का सूचीकृत न्यूनतम आधारहरू पूरा गर्ने तथा नियमित रूपमा अद्यावधिक, कार्यान्वयन र परीक्षण गरिएको स्थानीयस्तरको योजना आवश्यक हुन्छ। ५

### विपद् जोखिम न्यूनीकरण कोष

गाविस वा वडा तहमा अथवा समुदायिक स्रोत परिचालनका प्रयासहरूमार्फत् प्राप्त हुने कोष। यस कोषमा विपद् जोखिम न्यूनीकरणका कार्यहरू सञ्चालन गर्न समुदायको पहुँच सहज हुन्छ। ६

### समुदायद्वारा व्यवस्थित विपद् जोखिम न्यूनीकरण स्रोतमा पहुँच

विपद् जोखिम न्यूनीकरण अभियानका लागि गाविस/वडा तहमा समुदायले व्यवस्थापन गरेका मानवीय तथा भौतिक स्रोतहरूमा पहुँच हुनुपर्दछ। ७

### स्थानीय तहका जोखिम/ सङ्कटासन्नता न्यूनीकरणका उपायहरू

स्थानीय तहका जोखिम/सङ्कटासन्नता न्यूनीकरणका उपायहरूको पहिचान, प्राथमिकीकरण र प्रयोगका सम्बन्धमा गाविस/वडास्थरीय पहल हुनुपर्दछ। ८

### समुदायमा आधारित पूर्वसूचना प्रणाली

गाविस/वडा, जिल्ला र राष्ट्रियस्तरका पूर्वसूचना प्रणालीहरूसँग आवद्ध समावेशी र समुदायमा आधारित पूर्वसूचना प्रणाली हुनुपर्दछ। ९

थप जानकारीका लागि:
संयोजक, प्राथमिकता - ४
इमेल: flagship4@nrrc.org.np, अथवा वेबसाइट
www.nrrc.org.np

प्राथमिकता - ४ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण परियोजना नेपाल जोखिम न्यूनीकरण समूहका पाँचवटा प्राथमिकताहरु मध्येको एक हो। नेपाल जोखिम न्यूनीकरण समूह वा कुनै पनि प्राथमिकता क्षेत्रका बारेमा थप जानकारीका लागि हेर्नुहोस्, हाम्रो वेबसाइट: www.un.org.np/coordinationmechanism/nrrc

प्राथमिकता - ४ नेपाल सरकारको स्थानीय विकास मन्त्रालयसँगको सहकार्यमा रेडक्रस तथा रेडक्रिसेन्ट समाजको महासंघको अगुवाइमा सञ्चालनमा रहेको छ।

# नेपालमा १,००० सङ्कटासन्न गाविसहरूको छनोट

फ्ल्यागसिप ४ को लक्ष्य १,००० गाविस/ नगरपालिकाहरूमा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी परियोजना लागू गर्नु हो। फ्ल्यागसिप ४ ले यी १,००० गाविस/ नगरपालिकाहरूको छनोट गर्दैन, अपितु सङ्कटासन्न गाविस/ नगरपालिकाहरूको पहिचान गर्नका लागि जिल्लास्तरीय संलग्नतामा मद्दत पुऱ्याउनका निमित्त कार्यान्वयन गर्ने साझेदारहरूका लागि स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनका बारेमा योजना तर्जुमा सम्बन्धी निर्देशिकामा उल्लिखित प्रक्रियाहरूलाई अनुमोदन गर्दछ।


फ्ल्यागसिप ४ का न्यूनतम विशेषताहरूसँग मेल खाने स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनका बारेमा योजना तर्जुमा सम्बन्धी निर्देशिकामा, समुदायका प्रकोप, जोखिम तथा सङ्कटासन्नताको पहिचान गर्न र कसरी तिनलाई प्राथमिकता प्रदान गर्नु आवश्यक छ भन्ने कुरा छलफल गर्नका लागि वडा तथा गाविस तहमा समुदायहरू कसरी मिलेर काम गर्न सक्दछन् भन्ने प्रक्रियाको रूपरेखा प्रस्तुत गरिएको छ।

सन् २०१० मा, फ्ल्यागसिप ४ का परामर्श सम्बन्धी बैठकहरूमा गौण तथ्याङ्क (secondary data) का धेरै मुख्य स्रोतहरूका आधारमा नेपालका एकदमै सङ्कटासन्न केही जिल्लाहरूको पहिचान गरियो। यी तथ्याङ्कहरूमा नेपालका धेरै विपद्हरूको परिदृश्यसम्बन्धी लेखाजोखा (Nepal Multi-Hazard Scenario Assessment - Asian Disaster Pacific Centre, GeoHazards International, Centre for International Studies and Cooperation) र नेपालका विपद्प्रति सङ्कटासन्न जिल्लाहरू, सन् १९७१-२००७ (DesInventar: UNOCHA, GoN) पर्दछन्।

जोड दिइएका यी ४७ जिल्लाहरू (focus districts) को तर्जुमा निर्देशिकाका रूपमा काम गर्नका लागि मात्र गरिएको हो र यसमा हालै २०६८ साल असोज १ गते गएको भूकम्पलाई ध्यान दिइएको छैन।



## नेपालको ४७ केन्द्रित जिल्लाहरू




यस जानकारीको तुलना विद्यमान कुनै पनि कमी-कमजोरीहरूको पहिचान गर्नका लागि गाविस/ नगरपालिका तहमा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी थाहा पाइएका परियोजनाहरू लागू भएको स्थानका लागि गर्न सकिन्छ।

जोड दिइएका जिल्लाहरूभन्दा बाहिर सञ्चालित परियोजनाहरू समेत फ्ल्यागसिप ४ को अङ्कको रूपमा समावेश गरिनेछन् र कुनै पनि रूपमा तिनमाथि नकारात्मक प्रभाव पर्न दिइनेछैन।

## विधि तथा परियोजना प्रस्तावका बारेमा सल्लाह

साझेदारहरूद्वारा अनुरोध गरिएका खण्डमा फ्ल्यागसिप ४ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी परियोजनाहरूको कार्यान्वयनलाई सहजीकरण गर्नका लागि विधि तथा परियोजना तर्जुमाका बारेमा सल्लाह उपलब्ध गराउन सक्षम छ। यसअन्तर्गत विपद् उत्थानशील समुदायका न्यूनतम आधारहरूको पालन भएको छ कि छैन भन्ने कुरा निर्धारण गर्नका लागि परियोजनाको समीक्षा गर्ने कार्य पर्दछ।

# अनुगमन तथा मूल्याङ्कन

## नेपालमा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी गतिविधिहरूको परियोजना नक्साङ्कन

फ्ल्यागसिप ४ का उद्देश्यहरूमध्येको एक उद्देश्य नेपालभर कहाँ-कहाँ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी परियोजनाहरू सञ्चालन भइरहेका छन् भनी नक्साङ्कन गर्नु हो र यस्तो नक्साङ्कनमा परियोजनाहरूको भौगोलिक स्थिति, आर्थिक सहयोग, दाता, कार्यान्वयन गर्ने तथा स्थानीय साझेदार, लाभान्वित व्यक्तिहरूको सङ्ख्या तथा जनवायु परिवर्तन अथवा स्वास्थ्यजस्ता परियोजनासँग सम्बन्धित अन्य क्षेत्रजस्ता जानकारी पर्दछन् ।

यस नक्साङ्कनको प्रयोग नेपालमा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणमा रहेका भौगोलिक कमी-कमजोरीहरूको पहिचान गर्नका लागि र सम्भावित रूपमा यस्ता परियोजनाहरूको आवश्यकता रहेका क्षेत्रहरूका बारेमा कार्यान्वयन गर्ने साझेदार तथा दाताहरूलाई जानकारी दिनका निम्ति गरिन्छ ।

यस्तो नक्साङ्कनलाई निरन्तर रूपमा अद्यावधिक गरिन्छ र यसको हालको अवस्था थाहा पाउन लागि कृपया वेबसाइट www.nrrc.org.np हेर्नुहोस् ।

## परियोजना पत्ता लगाउनका लागि सर्वेक्षण

नेपालमा कार्यान्वयन भइरहेका समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी परियोजनाहरूले कसरी समुदायहरूको विपद्प्रतिको उत्थानशीलतामा योगदान गरिरहेका छन् र अझ व्यापक रूपमा भन्ने हो भने राष्ट्रिय रूपमा परियोजनाहरूबाट फ्ल्यागसिप ४ का ९ वटा न्यूनतम आधारहरू कसरी हासिल भइरहेका छन् भन्ने कुरा पत्ता लगाउनका लागि परियोजना पत्ता लगाउने अनलाइन सर्वेक्षणको तर्जुमा फ्ल्यागसिप ४ को परियोजना पत्ता लगाउने प्रणालीका बारेमा काम गरिरहेको समूहले गरिरहेको छ ।

समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी परियोजना अथवा यस्तो जोखिम न्यूनीकरण पनि एक अङ्ग भएको परियोजना कार्यान्वयन गर्ने कुनै पनि साझेदारलाई १५ मिनेट लाग्ने अनलाइन परियोजना सर्वेक्षण पूरा गर्न प्रोत्साहित गरिन्छ । यस्तो सर्वेक्षणको सुरुवात सन् २०१२ को तेस्रो त्रैमासिकमा आयोजना गरिने कार्यशाला तथा क्लिनिकबाट गरिनेछ । यसका नेपाली र अङ्ग्रेजी – दुवै भाषामा प्रिन्ट गर्न मिल्ने संस्करण पनि उपलब्ध हुनेछन् ।

सर्वेक्षणका परिणामहरूको विश्लेषण पनि अनलाइन उपलब्ध हुनेछ र तिनमा तल लेखिएबमोजिमका जानकारी उपलब्ध हुनेछन्:

- ९ वटा न्यूनतम आधारहरूमध्ये सबभन्दा बढी मात्रामा कुन आधार हासिल गरिएको छ
- कुन समुदाय/गाविसले:
  - विपद् व्यवस्थापन योजना तर्जुमा गरेका छन्
  - प्राथमिक उपचार, हल्का खोज तथा उद्धार अथवा अन्य सेवाहरूमा प्रशिक्षण सञ्चालन गरेका छन्
  - तिनमा समुदायमा आधारित पूर्व चेतावनी प्रणाली छ ।

फ्ल्यागसिप ४ मा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणमा भएको राष्ट्रिय प्रगति पत्ता लगाउन, उत्कृष्ट अभ्यासहरूको प्रवर्धन गर्न र कुनै उल्लेखनीय कमी-कमजोरीहरू पहिचान गर्ने प्रयास गर्नका लागि सर्वेक्षणका परिणामहरूको प्रयोग गरिनेछ ।

# पैरवी

फ्ल्यागसिप ४ ले आफ्नो पैरवी र समन्वय सम्बन्धी कार्यादेशको अङ्गको रूपमा भविष्यमा योजना तर्जुमाका लागि बढी जोड दिँदै धेरै राष्ट्रिय कार्यशाला तथा जिल्लामा परामर्श बैठकहरूको सञ्चालन गरेको छ।

## ज्ञानको आदान-प्रदान गर्नका लागि कार्यशालाहरू

समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका बारेमा नयाँ ज्ञान तथा सिकाइ र सामाजिक समावेशीकरण तथा जलवायु परिवर्तनजस्ता अन्य महत्वपूर्ण सवालहरूको आदान-प्रदान गर्नका लागि यस्तो कार्यक्रमका साझेदारहरूलाई प्रोत्साहित गर्नु फ्ल्यागसिप ४ को महत्वपूर्ण भूमिका हो। सन् २०१२ मा धेरै कार्यशालाहरू सञ्चालन गर्ने योजना छ र यिनमा सहरी विपद् जोखिम न्यूनीकरण, समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणसँग सम्बन्ध तथा शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तन तथा पूर्व-चेतावनी प्रणालीमाथि जोड दिइनेछ।

फ्ल्यागसिप ४ को लक्ष्य यसका अन्य कार्यक्रमहरूलाई समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित पार्नु र विद्यमान हुन सक्ने कुनै पनि सहकार्यलाई प्रवर्धन गर्नु हो।





*Raising awareness and interacting with communities is crucial for ensuring sustained community resilience to disasters. Street drama performances are an effective and interactive way to communicate disaster risk, like this one shown in the slum area of Kathmandu where people are being taught about earthquake risk and the importance of preparedness.*

## साझेदारहरूका बीचमा फिल्ड भ्रमण

सिकाइहरूका बारेमा छलफल गर्न, उत्कृष्ट अभ्यासहरूको प्रवर्धन गर्न र परियोजनाहरूले न्यूनतम आधारहरूलाई समुदायमा कसरी एकीकृत गरिरहेका छन् र तिनको असर के भइरहेको छ भन्ने कुराको पहिचान गर्न फ्ल्यागसिप ४ का परियोजनाहरूको कार्यान्वयन गर्ने धेरै साझेदारहरूका बीचमा फ्ल्यागसिप ४ ले फिल्ड भ्रमणहरूको सहजीकरण गर्दछ।

फिल्ड भ्रमणहरूले फ्ल्यागसिप ४ का सदस्यहरूको काम प्रवर्धन गर्ने र नेपालभर समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणको स्तर वृद्धि गर्ने कार्यको प्रभावकारिताप्रदर्शित गर्ने काम पनि गर्दछन्।

## जिल्लास्तरीय परामर्शहरू

फ्ल्यागसिप ४ मा समुदायमा आधारित सङ्गठनहरूको संलग्नता सुदृढ पार्न, जोखिम न्यूनीकरण सम्बन्धी यस्ता परियोजनाहरूमा न्यूनतम आधारहरू समावेश गर्नका लागि तिनको पैरवी गर्न र समुदाय तथा स्थानीय निकायको तहमा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणको महत्वका बारेमा सचेतना उत्पन्न गर्न फ्ल्यागसिप ४ ले जिल्ला स्तरमा परामर्शहरू गर्दछ।

# अनलाइन सूचना मञ्च

**www.nrrc.org.np**

फ्ल्यागसिप ४ को सूचना मञ्चमा दाता, कार्यान्वयन गर्ने साझेदार,समुदायका सदस्य, सरकारी तथा अभिरुचि राख्ने अन्य पक्षहरूका लागि फ्ल्यागसिप सम्बन्धी जानकारीका सम्पूर्ण विवरणहरू छन् ।

यस्ता जानकारीहरूमा यी पर्दछन्:

- समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी योजना गरिएका अथवा हाल चालू परियोजनाहरू रहेका स्थान तथा तिनको विस्तृत विवरण देखाउने अन्तर्क्रियात्मक नक्सा
- परियोजना पत्ता लगाउने सर्वेक्षण र त्यसका परिणामहरूको विश्लेषण
- नेपालमा विपद् उत्थानशील समुदायका ९ वटा न्यूनतम आधारर तिनसँग सम्बन्धित जानकारी
- नेपालका लागि समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका उत्कृष्ट अभ्यास तथा घटना अध्ययनलगायत ज्ञानका सामग्रीसहितको वास्तविक अर्थमा पुस्तकालय
- फ्ल्यागसिप ४ सम्बन्धी वृत्तचित्र
- फ्ल्यागसिप तथा नेपालमा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी गतिविधिहरूका बारेमा समाचार, घटना तथा अद्यावधिक जानकारी
- बैठकसम्बन्धी जानकारी र निर्णयहरू

## सामग्री

फ्ल्यागसिप ४ ले प्रवर्धनात्मक सामग्रीको विकास, प्रस्तुतीकरण तथा सूचनाको आदान-प्रदानको माध्यमबाट फ्ल्यागसिप तथा नेपाल विपद् जोखिम नेपाल विपद् जोखिम मञ्चका कामका बारेमा दाता, कार्यान्वयन गर्ने साझेदार तथा अभिरुचि राख्ने अन्य पक्षहरू समक्ष प्रवर्धन गर्दछ ।



# स्रोत परिचालन

फ्ल्यागसिप ४ ले समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धी गतिविधिहरूका लागि आर्थिक सहयोग उपलब्ध गराउनका निमित्त नयाँ सम्भावित स्रोतहरूको पहिचानमा सहयोग उपलब्ध गराउँदछ र कार्यान्वयन गर्ने सम्भावित साझेदारहरूसँग सम्बन्ध स्थापित गर्दछ। यसमा सूचना मञ्चमा साझेदारका गतिविधिहरूको प्रवर्धन गर्ने कार्य तथा सूचना मञ्चमा आर्थिक स्रोत उपलब्ध गराउने संयन्त्रहरूको प्रवर्धन गर्नका लागि दाताहरूलाई प्रोत्साहित गर्ने कार्य पर्दछन् ।

फ्ल्यागसिप ४ ले आफैं समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण कार्यक्रमको कार्यान्वयन गर्दैन, अपितु नेपालमा कार्यान्वयन गरिएका यस्ता परियोजनाहरू पत्ता लगाउने काम गर्दछ ।

साझेदारहरूका बीचमा पैरवी तथा समन्वयको माध्यमबाट फ्ल्यागसिप ४ ले एकदमै आवश्यक भएका ठाउँहरूमा आर्थिक स्रोत प्रवाह गर्ने कामको सहजीकरण गर्न सक्दछ ।